राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)

# प्रेस विज्ञप्ति

२०७५ भदौ ५

## बलात्कार, हत्या लगायतका महिला हिंसाका घटनाहरू वृद्धि हुँदै गएकोमा आयोगको चिन्ता

मुलुकमा भैरहेका बलात्कार तथा सामूहिक बलात्कारपश्चात् हत्या लगायतका महिला हिंसाका विभिन्न घटनाहरूप्रति आयोगको ध्यानाकर्षण भएको छ । यस प्रकारका गम्भीर प्रकृतिका अपराधमा संलग्न दोषीलाई समयमै कानूनी दायरामा ल्याउन नसकेको अवस्थाप्रति आयोग चिन्ता प्रकट गर्दछ ।

बलात्कार र हत्या जस्तो गम्भीर प्रकृतिको अपराधबाट पीडित भएकाहरुको पक्षबाट प्रभावकारी अनुसन्धान र अभियोजन हुन नसक्दा अपराधका घटनाको कानूनी पक्ष कमजोर हुने, प्रमाण संकलनमा ढिलाई भई प्रमाण लोप हुनसक्ने, सामाजिक वहिष्करणमा पर्ने डरले घटनालाई आन्तरिक रुपमा मिलापत्र गराउने, साक्षी संरक्षणको व्यवस्था हुन नसक्ने जस्ता कारणबाट हिंसापीडित महिला तथा बालिकाहरु न्यायबाट वञ्चित हुन पुग्ने देखिन्छ । नेपालको संविधानले व्यक्तिको न्यायसम्बन्धी हक तथा यौनजन्य हिंसालाई कानूनबमोजिम दण्डनीय हुने उल्लेख गर्दै पीडितलाई कानूनबमोजिम क्षतिपूर्ति पाउने हकको व्यवस्था समेत गरेको छ ।

आयोगले हालै नेपालका सतहत्तरै जिल्लामा मानव अधिकारका मूल चुनौतीका विषय सम्बन्धमा गरेको अध्ययनबाट समेत महिला हिंसा देशको मूल समस्याको रुपमा रहेको पाइएको छ । तसर्थ, महिला हिंसा न्यूनीकरण एवं मानव अधिकार संरक्षणमा प्रहरीले खेल्ने भूमिकालाई आयोगले उच्च प्राथमिकताका साथ हेरिरहेको छ । यसै सन्दर्भमा, बलात्कार, हत्या, महिला हिंसा लगायतका घटनाहरुमा प्रहरीको जवाफदेहिता अभिवृद्धि गर्ने अभिप्रायले आयोगले नेपाल प्रहरीसँगको सहकार्यमा मुलुकका सातै प्रदेश र काठमाडौं उपत्यकामा महिला मानव अधिकार संरक्षण एवं सुरक्षासम्बन्धी कार्यक्रम आयोजना गर्दैछ ।

अतः बलात्कार, हत्या लगायतका महिला हिंसाका घटनासँग सम्बन्धित उजूरीहरूको दर्ता, छानवीन तथा तथ्य संकलन तथा अभियोजन सम्बन्धी कार्यलाई प्रभावकारी वनाउन, व्यक्तिको मानव अधिकारको सम्मान र रक्षा गर्न एवं हिंसा पीडित सवै बालिका तथा महिलाहरुको न्यायमा पहुँच अभिवृद्धि गर्न गराउन आयोग नेपाल सरकारको ध्यानाकर्षण गराउँदछ ।

वेद भट्टराई
सचिव

फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015, Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal
Email: nhrc@nhrcnepal.org, Website: www.nhrcnepal.org